# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं चैत्र २६ गते २०१३ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. २३

स्वास्थ्यमन्त्रालय–अन्तर्गत स्वास्थ्य सेवा ( हेल्थ सर्भिसेज ) आयुर्वेदीय विभाग–अन्तर्गत श्री त्रिभुवन चन्द्र आयुर्वेदीय पाल्पा औषधालयलाई एक जना सहायक वैद्य चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १[२०१०] मा आफ्नो बेहोरा स्पष्ट भरी २०१४ साल ज्येष्ठ १५ गते रोज ३ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तूर मो. रू. १। वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला। फी दस्तुर नभएको दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारामको नमुना प्रत्येक हुलाक, गढी, गौंडा, गोश्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः—

१, पदः–सहायक वैद्य, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः– सरकार स्वीकृत कुनै आयुर्वेदीय विद्यालय वा विश्वविद्यालयमा पढी आयुर्वेद मध्यमा वा सोसरह सम्म पास भएको।

३, वाञ्छनीय योग्यताः–शास्त्री आचार्य वा सोसरह र सरकारी छात्रवृत्तिबाट पढी पास भएको।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४, मासिक तलब र भत्ता:-तलब मोरु ५०। महंगी भत्ता मोरु १०।

५, काम:-आफिस वैद्यहरूको अनुपस्थितिमा समेत रोगीका चिकित्सातर्फ पारआएको काम गर्नुपर्ने।

आज्ञाले—
खड्गमान मल्ल, एम्. ए.
सेक्रेटरी-पब्लिक सर्भिस कमिशन,
सिंहदरबार काठमाडौं नेपाल.

## पब्लिक सर्भिस कमिशनका विज्ञापन नं. २४

शिक्षामन्त्रालय-अन्तर्गत दरबार इन्टर कलेजलाई तलका तीन विषयका तीनजना लेक्चरर चाहिएका छन्। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्ना बेहोरा स्पष्ट भरी २०१४ साल ज्येष्ठ १६ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तुर मोरु ३। वा त्यतिको नेपाली टिकटसहित दरखास्त गर्नु होला। फी दस्तुर नभएको दरखास्तउपर विचार हुनेछैन। दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोश्वारामा पान पाइनेछ।

पदका विवरण यस प्रकारका छन्:—

१. पद:-[क] इतिहासको लेक्चरर [ख] अंग्रेजीको लेक्चरर. [ग] गणितको लेक्चरर। सबै पद गजेटेड, स्थायी तथा पेन्सन पाइने।
२. आवश्यक न्यूनतम योग्यता:-तीनै पदलाई तत्तद् विषयमा एम्. ए।
३. वाञ्छनीय योग्यता:-तीनै पदका निमित्त प्रथम वा दोश्रा श्रेणीमा पास भएकालाई प्राथमिकता दिइनेछ।

मासिक तलबका स्केल र भत्ता:-तलब मोरु १८०। देखि ३६०। महंगी भत्ता रु. २०।।

आज्ञाले-
खड्गमान मल्ल, एम्.ए.
पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल,

गोरखापत्र छापाखानामा मुद्रित मेनेजर प्रेमराज शर्मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६४०